अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

स्थानीय राजपत्र

वर्ष : ८ (गोदावरी)   संख्या : १०४   मिति : २०८१/०९/०७

भाग-१

गोदावरी नगरपालिका

कार्यपालिका बैठकबाट पारित मितिः २०८१/०९/०४

प्रमाणिकरण मितिः २०८१/०९/०५

गोदावरी नगरपालिकाको
जलस्रोत सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली २०८१

प्रस्तावनाः

नेपालको संविधान २०७२, स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून वमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार, भूसंरक्षण,मुहान संरक्षण,खानेपानी,सिचाई,साना जलविद्युत,जल उपयोग एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्वन्धमा गोदावरी नगरपालिका भित्रको भू–सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण,व्यवस्थापन र विकास गर्न एवं जलस्रोत लाभदायक उपयोगहरुको निर्धारण गर्न त्यस्तो उपयोगवाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गोदावरी नगरपालिकाले जलस्रोत नियमावली,२०८१ जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. नाम र प्रारम्भ:(१)यो नियमावलीको नाम "गोदावरी नगरपालिकाको जलस्रोत नियमावली २०८१"रहेकोछ।

(२)यो नियमावली राजपत्रमा प्रकाशन भएपछी प्रारम्भ हुनेछ ।

२.परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "जलस्रोत" भन्नाले गोदावरी नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ख) "लाभदायिक उपयोगी" भन्नाले साधन र स्रोतले भ्याए सम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(ग) "अनुमति प्राप्त व्यक्ति" भन्नाले नियमावलीको दफा१६, १८ र २१ वमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) "नगरपालिका जलस्रोत समिति" भन्नाले दफा ३१ वमोजिम नगरपालिका जलस्रोत समिति सम्झनु पर्दछ ।

(च) "अनुमतिपत्र" भन्नाले दफा १६, १८ र २१ बमोजिम दिईने अनुमति पत्र सम्झनु पर्दछ ।

(छ) "सर्भेक्षण" भन्नाले सजस्रोत उपयोगका लागि गरिने संभाव्यता अध्ययन विस्तृत ईन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसका लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्दछ।

(ज) "उपभोक्ता भन्नाले" जलस्रोतसंग सम्वन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(झ) "सेवा शुल्क" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोत संग सम्वन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनु पर्दछ ।

(ञ) "नगरपालिका" भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्दछ ।

(ट) "नगरकार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(ठ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

(ङ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्दछ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

परिच्छेद २

जलस्रोत स्वामित्व सम्वन्धी व्यवस्था

३.जलस्रोत स्वामित्वः(१) गोदावरी नगरपालिका भित्र रहेको जलस्रोतको स्वामित्व नगरपालिकामा निहित रहने छ ।

(२) प्रचलित संघिय, प्रदेश तथा नगरपालिकाको कानुन वमोजिम नगरपालिकाको जलस्रोतको उपयोग तथा व्यस्थापन गर्ने अधिकार नगरपालिकामा रहने छ ।

परिच्छेद ३

उपभोक्ता सम्वन्धी व्यस्था

४.जल उपभोक्ता संस्थाको गठन तथा दर्ताः(१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपनियम(१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई नगरपालिका जलस्रोत समिति समक्ष दर्ता गराउनु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति,

(ग) अनुसूची १ बमोजिमको निवेदन,

(घ) आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर,

५.उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्नेः नियम ४ को (३) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्वन्धित उपभोक्ताहरु मध्ये कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ वमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र तोकिएको दस्तुर सहित नगरपालिका जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

६.विधानमा खुलाउनु पर्ने विवरणहरुः नियम ४ वमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्वन्धि देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क) पूरा नाम र ठेगानाः

(ख) उद्देश्य तथा कार्यक्षेत्रः

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्कः

(घ) सदस्यको निष्काशन र राजीनामाः

(ङ) हकदावी नामसारी वा हकवालाको मनोनयनः

(च) साधारण सभा सम्वन्धी व्यवस्थाः

(छ) सञ्चालक समिति गठन निर्वाचन काम, कर्तव्य र अधिकार सम्वन्धीः

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्थाः

(झ) उपभोक्ता समितिको कार्यालय संचालनका लागि आबश्यक कर्मचारी भर्ना छनौटको व्यबस्थाः

(ञ) सञ्चालक समितिको वैठक सम्वन्धी कार्यविधिः

(ट) कोष तथा लेखापरिक्षणः

(ठ) विधान संशोधनः

(ञ)विविधः

<u>७.उपभोक्ता समितिमा कर्मचारी भर्ना छनोट समितिको व्यबस्थाः</u>उपभेक्ता समितिले संचालन गरेका योजनाको नियमित संचालन र मर्मत संभार अनिवार्य गर्नुपर्ने । त्यसका लागि उपभोक्ता समितिले कर्मचारीहरूको व्यबस्थापन गर्नेछ ।

(१)कर्मचारी भर्ना गर्दा उपभोक्ता समितिले सम्बन्धि वडाको रोहवरमा नगरपालिका जलश्रोत समितिले तेकेको प्रतिनिधी रहने गरी संयोजक सहितको कम्तीमा ३ सदस्यिय भर्ना छनोट समिति गठन गर्नसक्नेछ।

(२) कर्मचारी भर्ना छनोटमा कुनै पनि किसिमको विवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय गर्ने अधिकार नगरपलिका जलश्रोत समितिमा रहनेछ ।

<u>८. उपभोक्ता संस्था संगठित संस्था हुनेः</u> (१) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित नाफा रहित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सवै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपयोग गर्न बेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्ने छ ।

९.दर्ता र प्रमाण पत्रः (१)नियम ५ वमोजिम पर्न आएको दरखास्त उपर नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची २ वमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२)उपनियम (१) वमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा नगरपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले पैतिस दिनभित्र सो कुराको सुचना दिनुपर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानुन वमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरुनगरपालिकाबाट नविकरण भए पश्चात यसै नियमावली वमोजिम दर्ता भएको मानिनेछ ।

१०. विधान संशोधनः (१)उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा नगरपालिका जलस्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२)उपनियम(१)बमोजिम विधान संशोधन सम्वन्धमा नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछन ।

परिच्छेद ४

जलस्रोतको उपायोग सम्वन्धी व्यवस्था

११.जलस्रोत उपयोगः(१)यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन ।

(२)उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन । अनुमति लिन चाहेमा यस नियमले वाधा पुर्याएको मानिनेछैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न

(३) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी उपयोग गर्नुपर्नेछ ।

१२.जलस्रोत उपयोगको प्राथमिकताक्रमः(१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत्त,

(ङ) घरेलु उद्योग,औद्योगीक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग,

(२) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचवुझ समितिले उपनियम (१) को प्राथमिकताक्रम दफा १२ को उपनियम (३) बमोजिम जलस्रोतको उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सोको आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचवुझ समितिले निर्धारण गरेको कुरा सम्वन्धित सवैलाई मान्य हुनेछ ।

(४) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि नियम ४३ (३) मा तोकिए वमोजिम हुनेछ ।

१३. अनुमतिपत्रको व्यवस्थाः(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए वमोजिमको विवरणहरु खुलाई नगरपालिका जलस्रोत समिति समक्ष अनुमती पत्रको लागि दरखास्त

दिनपर्नेछ तर जलस्रोतको सर्भेक्षण र नियम ११ को (२) बमोजिम उपयोगका लागि अनुमति पत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन ।

(२) उपनियम(१) बमोजिम परेको दरखास्तमा जाँचबुझ समितिले आवश्यक जाँचबुझ गरी प्रतिवेदन तयार गरी जलस्रोत समिति समक्ष पेश गर्नेछ । नगरपालिका जलस्रोत समितिले सो प्रतिवेदनमा आवश्यक जाँचवुझ गरी आवश्यकता अनुसार नियम ११ को उपनियम (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क वुझाउनुपर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा नगरपालिका जलस्रोत समितिवाट तोकिए वमोजिम स्वीकृती लिनुपर्नेछ ।

१४.जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ४ वमोजिम ढाँचामा प्रस्तावित परियोजनासंग सम्वन्धित देहायका विवरणहरु खुलाइ नगरपालिका जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनुपर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य मुख्य संरचना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनावाट लाभावान्तित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत),

(छ) मुहान रहेको क्षेत्रको चार किल्ला तथा अन्य आवश्यक कुराहरु,

(२) उपनियम (१) बमोजिमउपभेक्ता संस्था वाहेक व्यक्ति वा संस्थाले सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिदा अर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ९मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बझाउनु पर्नेछ।

१५. दरखास्त उपर जाँचबुझः(१) नियम १४ बमोजिम दरखास्त परेपछी नियमावली बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचवुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिको म्याद तोकी दरखास्त परेको पन्ध्र दिनभित्र सूचना दिनुपर्नेछ ।

(३) उपनियम(२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न नगरपालिका जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको नियम १४ को उपनियम(२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१६. सर्वेक्षण अनुमतिपत्र दिनेः नियम १४ बमोजिम परेको दरखास्त उपर नियम १५ बमोजिम नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरेपछी दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसुची ५ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ ।

१७.सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेः नियम १६ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन नगरपालिका जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

१८. जलस्रोत उपयोग अनुमतिः (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ६ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्वन्धित देहायको विवरणहरु खुलाइ नगर जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानिको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत परियोजनाको सहभागिहरुको नाम र तिनिहरुको संलग्नताको किसिम,परियोजनमा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्दछ ।

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण)

(ग) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत,परियोजनामा प्रत्यक्ष रुपले सहभागि हुने वित्तिय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुले दायित्व तथा शेयर पुँजि र ऋणको प्रतिशत) ।

(घ) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरवाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत)

(ङ) वातावरणीय प्रभाव विश्लेषण(परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु परियोजनाले सम्वन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग,परियोजना सम्वन्धि कार्य पुरा भएपछी त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ,निर्माण तथा सञ्चालन सम्भार सम्वन्धमा स्थानिय जनतालाई दिइने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु,सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाहरु सञ्चालनवाट सम्वन्धित जग्गाधनिहरुलाइ पर्न सक्ने असर विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुनरवासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ) ।

(च) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) मा जुनसुकै करा लेखिएता पनि नियम ११ को (२) बमोजिमको प्रयोजनका लागि उपनियम १ को (ग),(घ) र (ङ) बमोजिमको विवरण पेश गर्न अनिवार्य हुनेछैन ।

१९. दरखास्त उपर जाँचवुझः(१) नियम १८ बमोजिम दरखास्त प्राप्त भएपछी निर्देशिका बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गर्नुपर्ने हुन्छ ।

(२) उपनियम(१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात विवरण नपुगेमा नगरपालिका जलस्रोत समितिले सम्वन्धित दरखास्तवालालाई मनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको तिस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न नगरपालिका जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको उपनियम(२) प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

२०.अनुमतिपत्र दिनेः नियम १८ बमोजिमको दरखास्त उपर दर्खास्तवालालाई कार्यविधि पूरा गरी गराई नगरपालिका जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसुची ७ ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोग सम्वन्धी अनुमतिपत्र दिनुपर्नेछ ।

२१. सर्भेक्षण अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेः (१) नियम १६ बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफुले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्वन्धि कार्य पनि गर्नचाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्याद भित्रै नियम १८ बमोजिमका विवरणहरु खुलाइ दरखास्त दिएमा यस निर्देशिकाको अन्य व्यवस्थाहरुको अधिनमा रही दरखास्तवालालाई प्राथमिकताका साथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमति पत्र दिन सकिनेछ ।

२२. जलस्रोत माथि अधिकार कायम हुनेः यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोहि अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

२३. कार्य शुरु गर्नुपर्ने अवधिः(१)अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालनको हकमा एकवर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी सम्वन्धित नगरपालिका जलस्रोत समितिलाई दिनुपर्नेछ । तर म्याद भित्र कार्य शुरु गर्न नसेकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा नगरपालिका जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछी प्रत्येक ६ महिनामा भएको कामको प्रगती विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभए सम्म नगरपालिका जलस्रोत समिति समक्ष पठाउनुपर्नेछ ।

२४. नयाँ अनुमतिपत्र लिनुपर्नेः (१)नियमावली प्रारम्भ हुनुअगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १८ मा उल्लेखित विवरणहरु खुलाइ नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र नगरपालिका जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची ८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

२५. अनुमतिपत्र दस्तुरः यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ९ मा तोकिए बमोजिमको अनुमतिपत्र दरखास्त बझाउनु पर्नेछ ।

२६. अनुमतिपत्र नवीकरण गर्नेः (१) यो नियमावली वमोजिम जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा नवीकरण दस्तुर लाग्नेछ ।

(२) प्रत्येक वर्ष अनुमतिपत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ९ मा तोकिए अनुसार नवीकरण दस्तुर लाग्नेछ ।

२७. अनुमति पत्र विक्रि तथा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्वन्धित नगरपालिका जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर नगरपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२८.जलविद्युत्तको लागि जलस्रोतको उपयोगः (१) नियम १२ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्यत्त उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) जलविद्युत्त उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्वन्धि अन्य व्यवस्था यस नियमावली बमोजिम हुनेछन ।

२९.नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः (१) नगरपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि नगरपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपनियम(२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोग गर्दा सम्वन्धित जग्गा भवन वा संरचना वापत नगरपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपनियम(३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपनियम(२) बमोजिम नगरपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगवाट भएको ह्रास कटाईको आधारमा निर्धारित गरिने छ ।

<u>३०. नगरपालिका जलस्रोत समितिको गठनः</u>(१) नगरपालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि नियमावली को नियम ४ को उपनियम(१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय बमोजिम नगरपालिका जलस्रोत समिति रहनेछ ।

(क) नगरपालिका प्रमुख अध्यक्ष

(ख) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक सदस्य

(ग) नगरपालिका भित्रका खानेपानी महासंघ बाट एक जना पुरूष प्रतिनिधि सदस्य (घ) नगरपालिका भित्रका खानेपानी महासंघ बाट एक जना महिला प्रतिनिधि सदस्य

(ङ) कार्यपालिकाले मनोनित गरेको एक जना प्रतिनिधिसदस्य

(च) कानुन अधिकृत सदस्य

(छ) पुर्वाधार शाखा प्रमुख सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(झ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख सदस्य सचिव

<u>३१. नगरपालिका जलस्रोत समितिको बैठक सम्वन्धी व्यवस्था</u> (१) नगरपालिका जलस्रोत समितिको वैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता नगरपालिका जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा नगरपालिका जलस्रोत समितिको दसस्यहरुले आफू मध्येवाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(३) नगरपालिका जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) नगरपालिका जलस्रोत समितिमा कुनै विषयमा छलफल भई मतदान हुँदा उपस्थित सदस्य संख्याको दुइतिहाइ सदस्यहरुको मतलाई नगरपालिका जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) नगरपालिका जलस्रोत समितिको निर्णय नगरपालिका जलस्रोत समितिको निर्णय र सद्विचारधारा प्रमाणित गरिनेछ ।

(६) नगरपालिका जलस्रोत समितिको वैठक सम्वन्धी अन्य कार्यविधि नगरपालिका जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. नगरपालिका जलस्रोत समितिको सचिवालयः नगरपालिका जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा रहनेछ ।

३३. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः (१) नगरपालिकाले नियम १२ को उपनियम(१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धि परियोजनाको निर्माण समाप्त भइसकेपछी आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

३४. जलस्रोत उपयोगको लागि करार गर्न सक्नेः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ

३५. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः(१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्नसक्ने छ ।

(२) नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शल्क आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार नभएमा अनुसूची ९ मा तोकिए बमोजिम असुलउपर गर्न सक्नेछ ।

३६. सेवा रोक्न सक्नेः सेवा उपभोग गरेवापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

३७. अरुको घरजग्गामा प्रवेश गर्न सक्नेः नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्वन्धित व्यक्तिलाई पूर्व सुचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानिनोक्सानी हुन गएमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए वमोजिम क्षतिपुर्ति दिनुपर्नेछ । तर कुनै घरजग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाचँवुझ गर्न वा

कुनै दुर्घटनाबाट बचाउन पुर्व सूचना विना पनि त्यस्तो कर्मचारीले सम्वन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

३८.जलस्रोतको उपयोगसंग सम्वधित संरचनाको सुरक्षाः (१) जलस्रोत उपयोगितासंग सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं व्यक्तिले आश्यक ठानेमा नगरपालिकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने छ ।

३९.जलस्रोत प्रदुषित गर्न नहुनेः (१) नगरपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको जलस्रोतको प्रदुषण सहन सीमा नाघ्ने गरी कसैलाई पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोत दुषित गर्न हुदैन ।

(३) जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्वन्धमा नियम ४० को उपनियम(१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्वन्धमा तोकिएको अधिकारीले आवश्यक्ता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

४०. वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुनेः जलस्रोत उपयोग गर्दा भूक्षय हुने बाढी पहिरो वा यस्तै अरु कारण द्वारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ ।

४१. अनुमति खारेज गर्न सकिनेः(१) अनुमति प्राप्त व्यक्तिले यो नियमावली वा नियमावली अन्तर्गत बनेका अन्य कार्यविधि, निर्देशिका विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम(२) बमोजिम अनुमति खारेज गर्न अघि तोकिएको अधिकारीले सम्वन्धित अनुमतिपत्र प्राप्त व्यक्ति लाई मनासिव सफाई पेश गर्ने मौका दिनुपर्ने छ ।

(४) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्वन्धमा ऐनको दफा ३९ उपनियम(१) बमोजिम गुणस्तर भए नभएको परिक्षण गर्ने गराउने अधिकार नगरपालिका जलस्रोत समितिले तोकेको अधिकारीलाई हुनेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिम सजाय गर्ने अधिकार नगरपालिका जलस्रोत समिति वा समितिले तोकेको अधिकारीलाई हुनेछ ।

परिच्छेद ५

जलस्रोत उपयोग विवाद सम्वन्धी जाँचबुझ

४२. जलस्रोत उपयोग जाँचबुझ समितिः (१) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायबमोजिमको एक जलस्रोत उपयोग तथा जाँचवुझ समिति रहनेछ।

(क) प्रतिनिधि वातावरण तथा विपद व्यवस्थापन विषयगत समिति(कार्यपालिकाले तोकेको)अध्यक्ष

(ख) सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य सदस्य

(ग) प्रतिनिधि प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति सदस्य

(२) दुई वा दुई भन्दा बढी वडाहरु विच जलस्रोत उपयोग सम्वन्धि विवाद उत्पन्न भएमा उपनियम (१) को (ख) बमोजिम विवाद संग सम्वन्धित प्रत्येक वडा समितिको १।१ जना प्रतिनिधि रहनेछन् ।

(३) उपनियम(१) बमोजिमको जलस्रोत उपयोग जाँचवुझ समितिले जलस्रोत उपयोगमा उत्पन्न विवाद समाधान गर्दा छुट्टै कार्यविधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहायको कार्यविधि अपनाउनेछ।

(क) जलस्रोत उपयोगबाट लाभान्वितहुने स्थानिय व्यक्तिहरु वाहेक जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्वन्धि कुनै परियोजना संचालनबाट स्थानिय व्यक्तिहरु लाई पर्न जाने मर्काको सम्वन्धमा विवाद उठेमा सम्वन्धित अनुमति प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानिय व्यक्तिहरुलाई छुट्टा छुट्टै वा सामुहिक रुपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफिकको म्याद तोकिदिनुपर्ने छ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछी परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतयाः देहायको बिषयमा जानकारी लिनुपर्नेछ ।

(अ) परियोजनाको कुल खर्च,

(आ) परियोजनाबाट हुने फाईदाको स्तर,

(इ) आयोजना संचालन गर्दा सम्वन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा समुहलाई पर्न सक्ने असर,

(ई) परियोजनाबाट लाभान्वितहुने उपभोक्ताको संख्या,

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव,

(ऊ) स्थानीय जनताको आवश्यक्ता,

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको प्रतिक्रिया,

(ऐ) अन्य आवश्यक कुराहरु,

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछी सोको आधारमा जलस्रोत लाभदायक उययोग भए नभएको र सो जलस्रोत पाउने नपाउने कुराको निर्धारण गर्नुपर्नेछ ।

(घ) उपनियम (३) को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्वन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचवुझ समितिले शर्तहरु समेत तोक्न सक्नेछ ।

परिच्छेद ६

सेवा शुल्क सम्वन्धी

४३. वार्षिक शुल्कः अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत नगरपालिकालाई बझाउनु पर्ने वार्षिक शुल्क अनुसूची १० मा तोकिए बमोजिम हुने छ ।

४४. सेवा शुल्क निर्धारण समितिः (१) नगरपालिकाले गरेको जलश्रोत उपयोगको सेवा शुल्क निर्धारण गर्न, निर्धारित   समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्तालाई अतिरिक्त शुल्कको दर निर्धारण गर्न देहाय बमोजिमको सेवा शुल्क निर्धारण समिति रहनेछ । समितिले निर्धारण गरेको शुल्क प्रत्येक आ.व.मा आथिक ऐन मा समावेश भइ पारित भएपछि मात्रै लागु हुनेछ ।

(क) नगरपालिकाले तोकेको कार्यपालिकाको सदस्य	अध्यक्ष
(ख) उपभोक्ता मध्येबाट नगरपालिकाले तोकेको ब्यक्ति	सदस्य
(ग) नगरपालिकाको सम्बन्धित शाखा हेर्ने कर्मचारी	सदस्य सचिव

(२) सेवा शुल्क निर्धारण समितिको बैठक कार्यबिधि समितिले स्वंयम निर्धारण गर्न सक्ने छ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क तोक्दा ह्रास कट्ट्री दर, उपयुक्त लाभ, संरचना को प्रकृति, उपभोक्ता मुल्य सुचिको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

४५. सेवा शुल्क बुझाउनु पर्नेः जलस्रोत उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेवाफत नियम ४५ को उपनियम ३ बमोजिम निर्धारीत सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

परिच्छेद ७

घरजग्गा प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धि व्यवस्था

४६. निवेदन दिनुपर्नेः नियमावलिको नियम ११ को उपनियम (१) बमोजिम जलस्रोत उपयोगको लागि कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति प्राप्त व्यक्तिले नगरपालिका समक्ष अनुसुचि ११ वमोजिम को ढाँचामा निवेदन दिनुपर्नेछ ।

४७. परियोजना स्थल वरिपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्नेः (१) ऐनको नियम ११ को उपनियम (३) को प्रयोजन को लागि नगरपालिकाले जलस्रोत को उपयोग सम्वन्धी परियोजना को किसिम, बनोट, क्षमता आदि कुरालाई ध्यानमा राखि त्यस्तो परियोजना भित्रका घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउनेगरि निश्चित दुरि तोकि निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको सुचना नगरपालिकाले सर्वसाधारणको जानकारिको लागि प्रकाशित गरि सम्वन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित वडा वा नगरपालिका लगायत अन्य सम्बन्धित कार्यालयमा समेत टाँस्न लगाउनु पर्नेछ ।

४८. क्षतिपुर्ति दिइनेः (१) नियम ४६ बमोजिम घरजग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानिनोक्सानी वापत दिइने क्षतिपूर्तिको रकम नियम ४८ को उपनियम (२) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) घरजग्गा को प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेमा बाहेक उपनियम १ बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकैपटक मात्र दिइने छ ।

४९. क्षतिपूर्ति निर्धारण समितिः (१) नियमावलिको नियम ४८ को उप नियम (२) बमोजिम क्षतिपूर्ति को रकम निर्धारण गर्न देहाय बमोजिम को क्षतिपूर्ति निर्धारण समिति रहने छ ।

(क) नगरपालिकाले तोकेको कार्यपालिका सदस्य	अध्यक्ष
(ख) जलश्रोत उपयोग परियोजनासंग सम्बन्धित कार्यालयको प्रतिनिधी	सदस्य
(ग) नगरपालिकाले तोकेको जलस्रोत बिज्ञ	सदस्य
(घ) हानि नोक्सानी भएको सम्पतिको धनि वा निजको प्रतिनिधी	सदस्य
(ङ) मालपोत शाखाको प्रतिनिधी	सदस्य
(च) क्षतिभएको वडाको वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधी	सदस्य

(२) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धाण गर्दा प्रत्यक्ष रुपमा वास्तविक हानि नोक्सानिको मुल्यांकन गरि निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपूर्ति निर्धारण समितिको बैठक सम्बन्धित कार्यबिधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

परिच्छेद ८

विविधः

५०. सहयोग पुर्याउनु पर्नेः आफ्नो कार्यक्रम सम्पादनको सिलसिलामा नगरपालिका जलस्रोत समितिले जलस्रोतसंग सम्वन्धित निकायवाट आवश्यकता अनुसारका तथ्याकंहरु माग गर्न सक्नेछ र माग भएका तथ्याकंहरु उपलब्ध गराउनु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।

५१. दुर्घटनाको सुचनाः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्वन्धि कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा नगरपालिका जलस्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ।

(२) उपनियम(१) बमोजिमको सुचना प्राप्त भएपछी त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन नगरपालिका जलस्रोत समितिले आवश्यक निरिक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणवाट त्यस्तो दुर्घटना नदोहरिन अउनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्तिलाई आदेश पालना गर्नु सम्वन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

५२. नगरपालिकाले निर्देशन दिन सक्नेः नगरपालिकाले जलस्रोतको उपयोग सम्वन्धमा नगरपालिका जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु नगरपालिका जलस्रोत समितिको कर्तव्य हुनेछ ।

५३.दण्ड सजायः (१) कसैले यो नियमावली वा यस अन्तरगत वनेका अन्य कार्यविधि वा निर्देशिकाको उल्लघंन गरेमा निजलाई तोकिएको अधिकारीले आर्थिक ऐन अनुसार जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरवाट हानिनोक्सानी रहेछ भने निजवाट त्यस्तै हानीनोक्सानी वापतको क्षतीपूर्ति भराइदिन सक्नेछ।

(२) कसैले यस नियमावली वमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले आर्थिक ऐन अनुसारजरिवाना र त्यस्तो काम वन्द गराउन सक्नेछ ।

(३) यस नियमावली वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोत वाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारले निजवाट विगो असुल गरी निजलाई विगो वमोजिमको जरिवाना समेत गर्नसक्नेछ ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मुहान, वाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्वन्धित कुनै संरचाना वा त्यस्तो संरचनामा असर पर्ने कार्य जस्तै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानिनोक्सानी पु¥याएमा वा त्यस्तो कुनै काम गर्न प्रोत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग

गरेमा निजवाट हानिनोक्सानीको विगो असुल गरी निजलाइ प्रचलित कानुन वमोजिम जरिवना, कैद वा दुवै सजाय हुनेछ ।

५४.पूनरावेदनः नियम ५३ वमोजिम दिएको क्षतीपूर्तिको रकममा वा नियम ४१ वमोजिम तोकिएको अधिकारले अनुमतिपत्र खारेज गरेकोमा वा नियम ५३ को उपनियम(१),(२) वा (३) वमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्र पुनरावेदन दिन सक्नेछ ।

५५.अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः नगरपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसुचिमा आवश्यक्ता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

५६. अरुको घर जग्गाको उपयोग वा प्राप्तिः (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष तोकिए वमोजिम निवेदन दिन सक्नेछ ।

(क) वाँध वा तटवन्ध वाँध्न,

(ख) नहर,कुलो वा सुरुङ खन्न,

(ग) जमिन मुनी वा माथि पानीको ट्याङ्की वनाउन वा पाइप लाइन विछ्याउन,

(घ) पोखरी वनाउन वा जलवितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकास संग सम्वन्धित अरु आवश्यक निर्माण कार्यगर्न,

(२) उपनियम (१) वमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक जाँचवुझ गरी प्रचलित कानुन बमोजिम संगठित संस्थालाई सो सरह अनुमतिपत्र प्राप्त व्यक्ति लाइ त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ।

५७. कार्यविधि वा निर्देशिका बनाउन सकिनेः नियमावलीको प्रभावकारी कार्यान्वययनका लागि देहायका क्षेत्रमा कार्यविधि तथा निर्देशिका वनाइ लागु गर्न सकिनेछ ।

(क) खानेपानी,सिचाइ,जल,यातायात,औद्योगिक उपयोग,आमोद प्रमोद सम्वन्धि उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग

(ख) जलस्रोत संरक्षण,वाढी नियन्त्रण,पहिरो रोकथाम

(ग) वातावरण संरक्षण

(घ) जलस्रोत उपयोग गरेवापत नगरपालिकालाइ वुझाउनु पर्ने शुल्क, दस्तुर सम्वन्धि

(ङ) जलस्रोत उपयोगका विभिन्न तरिकाहरु

(च) जलस्रोतको प्रदुषण रोक्ने विषयहरु

(छ) जलस्रोत उपयोग सम्वन्धि सेवाको स्तर निर्धारण

(ज) जलस्रोत उपयोगवाट हुनसक्ने दुर्घटना र त्यसको जाँचवुझ तथा क्षतिपुर्ति

(झ) उपभोक्ता संस्था समिति र उपभोक्ता सम्वन्धि अन्य व्यवस्थाको साथै उपभोक्ताहरुको हित संरक्षण र सुविधा दिने विषयहरु

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्वन्धि अन्य कुराहरु

५८. खानेपानीको गुणस्तर निर्धारणःउपभोक्ता संस्था वा व्यक्तिले खानेपानी योजनाहरू निर्माण गर्दा नेपाल सरकारको खानेपानी मन्त्रालयले निर्धारण गरेको प्यारामिटअनुसारको मापदण्डलाई अवलम्बन (अनुसूची १२ अनुसार) गरेको हुनुपर्नेछ। अनुसूची १२ अनुसार परिक्षण गरी पास भएको पानी पिउनयोग्य भएको ठहरीनेछ ।

५९. खारेजी तथा बचाउः यो नियमावलीका कुनै नियम उपनियम वा खण्ड प्रचलित संघिय तथा प्रादेशिक कानुन संघ वाझिएको खण्डमा स्वतः खारेज हुनेछ भने नियमावली प्रारम्भ हुनु भन्दा अघिका कानुन वमोजिम गरिएका कामकारवाही यसै नियमावली अनुसार भए गरेको मानिनेछ ।

अनुसूची -१

(नियम ५ संग सम्बन्धित)

निबेदन पत्रको ढाचा

श्री अध्यक्ष ज्यू,

....जलश्रोत समिति

गोदावरी नगरपालिका, अत्तरीया, कैलाली ।

बिषयः संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामीले ....उपभोक्ता संस्था गठन गरि दर्ता गराउन चाहेकोले गोदावरी नगरपालिकाको जलश्रोत नियमावली २०८१ को नियम ५ वमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको बिवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपौया दस्तुर सहित दरखास्त दिएकाछौं ।

विवरणः

१. उपभोक्ता समितिको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यः

(क)

(ख)

(ग)

४. सदस्यहरुको नामठेगानापदपेशा

(क)

(ख)

(ग)

गोदावरी नगरपालिका

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोत विवरणः

(क) जलस्रोतको नाम(चार किल्ला सहित) भएको ठाउँः

(ख) जलस्रोतवाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्वन्धी विवरण

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

उपभोक्ता संस्थाको तर्फवाट निवेदन दिनेको

सहीः

नामः

पदः

ठेगानाः

मितिः

अनुसूची-२

(नियम ६ संग सम्बन्धित)

...........खानेपानी तथा सरसफाई/सिंचाई/बहुउपयोगि आयोजना/विद्युत योजना उपभोक्ता समितिको विधान२०८१

प्रस्तावनाः

वस्ती तथा टोलका खांचोहरु पूरा गर्न वस्ती तथा टोल कै मानिसहरु संगठित भई जनसहभागिताबाट स्थानीय विकास निर्माणका कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो । यसै सन्दर्भमा कैलाली जिल्ला, गोदावरी नगरपालिका, वडा.... मा .... योजनाको सेवा क्षेत्रका वस्ती तथा टोलवासीका खानेपानी तथा सरसफाईका साथै सिंचाईका कार्यक्रम सञ्चालन गर्ने चाहना र आवश्यकतालाई आफ्नै थलोमा बसी कार्यक्रमहरुको छनौट गरी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मूल्याङ्कन, सञ्चालन र मर्मत संभार समेत स्थानीय स्तरमा नै गर्ने सेवामूलक स्वायत्त उपभोक्ता समितिको स्थापना गर्न वाञ्छनीय देखिएकोले, वस्ती तथा टोलवासीहरुको तत्परतामा यो विधान तर्जुमा गरी ....खानेपानी तथा सरसफाई/सिंचाई/बहुउपयोगि आयोजना/विद्युतयोजना उपभोक्ता समितिको गठन गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः यस विधानको नाम .... खानेपानी तथा सरसफाई/सिंचाई/बहुउपयोगि आयोजना/विद्युत योजना उपभोक्ता समिति २०८० रहने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछ ।

२.२ “समूह”भन्नालेयसउपभोक्तासमितिअन्तर्गतकार्यान्वयनभएकाखानेपानीरसरसफाईसुविधावाटलाभान्वितहुनेसम्पूर्णउपभोक्ताहरुकोसमूहलाईजनाउँछ।

२.३ “नियम” भन्नाले यस विधान अन्तरगतको कार्यसमितिले बनाई लागू गरेको नियमलाई जनाउँछ ।

२.४ “समिति”भन्नालेयसविधानअन्तर्गतगठीतउपभोक्तासमितिलाईजनाउँछ।

२.५ “उपभोक्तासमितिकासदस्य”भन्नालेउपभोक्तासमितिकोअध्यक्ष, सचिव, कोषाध्यक्ष र उपभोक्ता समितिका अन्य सदस्यलाई जनाउँछ।

२.६ “उपभोक्तासमितिकापदाधिकारी”भन्नालेअध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई मात्र जनाउँछ।

२.७ “अध्यक्ष”भन्नालेयसविधानबमोजिमनिर्वाचितअध्यक्षलाईजनाउँछ ।

२.८ “उपसमिति”भन्नालेयसविधानअनुसारकोउपभोक्तासमितिअन्तर्गतगठितउपसमितिलाई जनाउँछ।

२.९ “सहयोगीसंस्था”भन्नालेयसउपभोक्तासमितिलाईसामाजिकपरिचालनरप्राविधिककार्यमासहयोगगर्नेगैह्रसरकारीसंस्थालाईजनाउँछ।

२.१० “दातृसंस्था”भन्नालेयससंस्थालाईआर्थिकसहयोगगर्नेराष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई जनाउँछ।

२.११ “उपभोक्ता”भन्नालेयसविधानअनुसारगठितसमितिकोयोजनाबाटप्राप्तसेवासुविधाउपभोगगर्नेव्यक्तिलाईसम्झनुपर्छ।

२.१२ “क्षेत्र”भन्नालेयसविधानबमोजिमगठितउपभोक्तासमितिलेउपलब्धगराउनेसेवासुविधावानिर्माणगरिनेस्थललेढाक्ने भौगोलिक कार्यक्षेत्र सम्झनु पर्दछ । यस अन्तर्गत गोदावरी नगरपालिकाको ...... वडाका टोल वा वस्तीहरु पर्दछन् । पाइप

प्रणालीद्वारा खानेपानी सुविधा उपलव्ध गराउन गोदावरी नगरपालिका, वडा नं. .... मा रहेका .... नामका मूल/श्रोतहरु यस समितिको क्षेत्रभित्र पर्दछन् ।

२.१३ "योजना"भन्नालेयसविधानबमोजिमसमितिलेसञ्चालनगर्नेकार्यक्रमलाईजनाउ"छ।

२.१४ "सेवाशुल्क"भन्नालेयसविधानअनुसारगठितसमितिलेसञ्चालनगरेकोयोजनाबाटसेवाउपभोगगरेवापतलाग्नेमासिक/वार्षिक रुपमा उठाउने गरी तोकिएको रकम (नगदी वा जिन्सी वा अन्य) लाई जनाउँछ।

२.१५

"भर्नाछनौटसमिति"भन्नालेउपभोक्तासमितिकोकार्यालयसंचालनगर्नाकानिमार्ताथकर्मचारीछनौटकालागिउपभोक्तासमितिद्धारागठितसमितिलाईजनाउँछ।

२.१६ "कर्मचारी"भन्नालेउपभोक्तासमितिकोकार्यालयमाकामगर्नेकर्मचारीसम्झनुपर्दछ।

३. चिन्ह र छापः समितिको औपचारिक प्रयोगको निमित्त निम्नानुसारको चिन्ह र छाप हुनेछ ।

३.१ चिन्हको विवरण खानेपानीको धारा र सिचाइ धारा ।

३.२ छापको विवरण गोल घेरामा धारा र सिचाई धाराको फोटो स्थापना, ठेगाना खोलेको ।

४. कार्यालयः समितिको कार्यालय गोदावरी नगरपालिका वडा नं... वस्ती वा टोलमा मा राखिनेछ ।

परिच्छेद २
उद्देश्य

५. उपभोक्ता समितिको उद्देश्यः यसको मुख्य उद्देश्यहरु प्रचलित कानूनको परिधिभित्र रही कार्य सञ्चालन गर्ने गरी निम्नानुसार हुनेछ ।

५.१आफ्नो क्षेत्रमा सञ्चालन हुन लागेको खानेपानी तथा सरसफाई योजनाका उपभोक्ताहरुलाई संगठीत गर्ने ।

५.२ आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई परेको खांचो पुरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

५.३ आफ्नो क्षेत्रमा सञ्चालन हुने सबै विकास निर्माणका कामका लागि योजनाका सबै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

५.४ आफ्नो क्षेत्रमा कार्यान्वयन पुरा भएका योजनाको समय समयमा गरिने मर्मत, सम्भार, रेखदेख तथा फाइदा बाँडफाँड व्यवस्था न्यायोचित तरिकाले गर्ने ।

५.५ आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजना छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि चाहिने पूँजी, श्रम र साधनको व्यवस्था गर्नुका साथै यी श्रोतको परिचालनको व्यवस्था समेत गर्ने ।

५.६ समितिको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोके अनुसार हुनेछ ।

परिच्छेद ३
उपभोक्ता समिति

७. उपभोक्ता समितिको गठनः उपभोक्ता समितिको गठन गर्दा निम्न प्रक्रियाबाट हुनेछ ।

७.१ उपभोक्ता समितिको गठन आमभेला वाट गरिनेछ । यस्तो आमभेला आयोजना गर्दा कम्तिमा सात दिन अगाडी सवै उपभोक्ताहरुलाई जानकारी गराइनेछ । भेलाको स्थान र समय सवै (महिला/पुरुष) लाई उपयुक्त हुने किसिमले निर्धारण गरिनेछ ।

७.२ उपभोक्ता समिति गठन गर्दा योजना क्षेत्रका सवै भागवाट समान प्रतिनिधित्व हुने किसिमले गरिनेछ ।

७.३उपभोक्ता समितिमा सबै जातीय समुदायको समान प्रतिनिधित्व रहनेछ ।

७.४ उपभोक्ता समिति गठन गर्न आयोजित आमभेलामा योजनावाट लाभान्वित हुने घरवाट कम्तिमा ७५ प्रतिशत घरको प्रतिनिधित्व अनिवार्य गरिएको छ ।

७.५ उपभोक्ता समितिमा महिलाहरुको समान प्रतिनिधित्व कायम गर्न उपभोक्ता समिति गठन गर्दा महिला र पुरुषको सयुक्त भेला आयोजना गरी कम्तिमा एकजना पदाधिकारी रहने गरी कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता गराइनेछ ।

७.६ साधारण सभा/आमभेलावाट उपभोक्ता समिति चयन गर्दा र नयां पुनर्गठन गर्दा समेत उपरोक्त ७.१, ७.२, ७.३, ७.४ र ७.५ को प्रकृया अवलम्वन गरिनेछ ।

७.८ अमभेला तथा साधारण सभाले तपशिल बमेजिमको उपभोक्ता समिती (न्यूनतम ७ सदस्यिय) गठन गर्नेछ ।

क) अध्यक्ष १ जना

ख) उपाध्यक्ष १ जना

ग) सचिव १ जना

घ) उपसचिव १ जना

ङ) कोषाध्यक्षा १ जना

च) सदस्य २

८. उपभोक्ता समितिको बैठकः

८.१ उपभोक्ता समितिले तोकेको स्थान, मिति र समयमा उपभोक्ता समितिको बैठक बस्नेछ ।

८.२उपभोक्ता समितिको बैठक हुनु ३ दिन अघि सदस्यहरुलाई बैठक हुने मिति, स्थान, समय र प्रस्तावहरु लिखित÷मौखीक रुपमा जानकारी दिइनेछ ।

८.३ उपभोक्ता समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत कायम गरिएको छ । गणपुरक संख्या नपुगेको अवस्थामा दोश्रो पटक जम्मा सदस्य संख्याको ५० प्रतिशतलाई गणपुरक संख्या मानिनेछ ।

९.उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार तल उल्लेख गरे अनुसार हुनेछ ।

९.१ प्रारम्भिक चरणः

- उपभोक्ता भेलाको आयोजना गर्ने,
- आवश्यकताको पहिचान एवं प्राथमिकीकरण गरी सम्बन्धित निकायमा जानकारी गराउने,
- सम्भाव्यता अध्ययन गर्न आउने टोलीलाई सहयोग गर्ने,
- नगद तथा श्रम लगानी सम्बन्धमा उपभोक्ताहरुसंग छलफल गरी निधो गर्ने,
- नगरपालिका र सम्बन्धित वडासँगपरामर्शगर्ने,
- आवश्यकताहरुको प्राथमिकता निर्धारण गर्न,
- योजनाको संभाव्यता अध्ययन गरी निधो लिने,

९.२ तयारी चरणः

- उपभोक्ता भेलाको आयोजना गर्ने,
- उपभोक्तालाई योजनाको वारेमा जानकारी गराउने,
- समुदायको नक्शा वनाउने तथा आधारभूत तथ्यांक संकलन गर्ने,
- योजनाको रेखांकन गर्न उपभोक्ता भेलाको आयोजना गर्ने,
- उपभोक्ताहरुवाट नगद संकलन गर्ने,

- उपभोक्ता समितिको बैंक खाता खोल्ने,
- तालीम तथा गोष्ठीहरुमा भाग लिने,
- सामुदायिक कार्ययोजना वनाउने,
- योजनाको लगत इष्टिमेट, सामुदायिक कार्ययोजना र योजनाको रेखांकनलाई उपभोक्ता भेलावाट पारित गराई सम्बन्धित निकायमा पठाउने,
- योजनाको नियमित संञ्चालन एवं मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यकर्ताको छनौट गरी सम्बन्धित निकायमा जानकारी गराउने,
- उपभोक्ताहरुको आमभेला वोलाइ एक जना संयोजक, २ जना सदस्य भएको ३ जनाको खरिद समिति गठन गर्ने,
- कार्यान्वयन चरणको सम्झौता गर्ने,

९.३ कार्यान्वयन चरणः

- योजनाको लागत, कार्यान्वयन चरणको सम्झौता र सामुदायिक कार्ययोजना लगायतका विषयमा छलफल गर्न निर्माण पूर्वको गोष्ठी आयोजना गर्ने,
- स्थानीय सामाग्री संकलन गर्ने/गराउने,
- खरीद समितिले आवश्यक प्रक्रिया पु¥याइ निर्माण सामाग्री खरीद गर्ने,
- सम्पुर्ण सामाग्रीहरुको उचित भण्डार व्यवस्था गर्ने,
- दक्ष तथा अर्धदक्ष कामदार परिचालन गर्ने,
- योजनाका विभिन्न कार्यमा जनश्रम परिचालन गर्ने,
- योजनाको आय व्यय र प्रगती समीक्षा गर्ने र योजना अवधिमा कम्तिमा तीन पटक आमभेलाको आयोजना गरी आय व्यय विवरण पारित गराउने,
- योजनाको निर्माण सम्पन्न भएपछि सवै उपभोक्ताहरुको भेला आयोजना गरी आय व्यय विवरण पारित गराउने र सो सामाजिक परीक्षणको प्रतिवेदन एवं कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने,
- उपभोक्ता समितिको नगदी र जिन्सीको आय व्यय विवरण पारदर्शी रुपमा राख्ने,

९.४ निर्माण पश्चातको चरणः

- उपभोक्ता समितिको नियमित वैठक वस्ने,
- योजनाको नियमित सञ्चालन र मर्मत सम्भारको लागि पानी शुल्क तोक्ने, मर्मत सम्भार कार्यकर्ताको पारिश्रमीक निर्धारण गर्ने,
- तोकिएको शुल्क नियमित रुपमा उठाउने,
- योजनामा समय समयमा आईपर्ने मर्मत सम्भारका कार्यहरु गर्ने,
- अत्यावश्यक जगेडा पार्टपुर्जाहरु अग्रीम रुपमा खरीद गरी राख्ने,
- मर्मत सम्भार कोषको परिचालन गर्न नियम वनाई कार्यान्वयन गर्ने,
- स्वास्थ्य र सरसफाई कार्यक्रमलाई निरन्तर रुपमा लागू गर्ने,
- योजनाको अवस्थाको वारेमा नियमित रुपमा अनुगमन गरी सो को प्रतिवेदन सम्बन्धित नगरपालिकामा पठाउने,
- निर्माण पश्चातको चरणमा वर्षको कम्तिमा एक पटक उपभोक्ता भेलाको आयोजना गरी आय व्यय विवरण पारित गराउने,

- हरेक वर्ष लेखापरीक्षण गराई उपभोक्ता समितिले प्रतिवेदन जिल्ला जलस्रोत समिति र नगरपालिकामामा पेश गर्ने,
- योजनामा उपभोक्ता समितिको क्षमता भन्दा वाहिरको परिस्थिति श्रृजना भै मर्मत सम्भार गर्न नसकिने भएमा यथासक्य चाँडोनगरपालिकामा जानकारी गराउने र समस्या समाधानका लागि पहल गर्ने,
- सुविधा विस्तार गर्न आवश्यक भएमा नगरपालिकाका प्राविधिकसंगपरामर्शलिईआवश्यककार्यगर्ने/गराउने,

परिच्छेद ४
पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१०. अध्यक्षको काम, कर्तव्य र अधिकारः

१०.१ समितिले सुम्पेको सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

१०.२ समितिको बैठकको अध्यक्षता गर्नुका साथै तोकिएको अवस्थामा मात्र निर्णायक मत दिने,

१०.३ समितिलाई सक्रिय नेतृत्व प्रदान गरी समितिको उद्देश्य पुरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन सघाउने,

१०.४ समितिको दैनिक कार्य सञ्चालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने,

१०.५ समितिको बैठक आवश्यकता अनुसार बोलाउने,

१०.६ बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने,

१०.७ समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने,

१०.८ सरकारी र गैह्र सरकारी निकायसंग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने,

१०.९ उपभोक्ताहरुको योजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने,

१०.१० योजनाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने,

१०.११ आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने,

११. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

११.१अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने,

११.२समितिको नियमावली र कार्य पद्धतिमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने,

११.३समितिले तोकेको अन्य काम गर्ने,

१२. सचिवको काम, कर्तव्य र अधिकारः

१२.१समितिको कार्यक्रम र काम कार्यवाहीलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न कार्यालयव्यवस्थापनको काम गर्ने,

१२.२समिति र समितिको बैठकको लागि आवश्यक तयारी व्यवस्था मिलाउने,

१२.३समिति र समितिको निर्णय बैठक कापीमा लेख्ने,

१२.४प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने,

१२.५योजनाको कार्यान्वयन सम्बन्धमा राख्नुपर्ने सबै श्रेस्ताहरु राख्ने र सोको जानकारी बैठकमा पेश गर्ने,

१२.६आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी सहभागिता जुटाउने,

१२.७ समितिले तोकेको अन्य काम गर्ने,

१३. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

१३.१योजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

१३.२आन्दानी, खर्च र बजेट समितिमा पेश गरी पारित गराउने,

१३.३समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाब मिलाउने,

१३.४लेखा परीक्षण गराउने,

१३.५योजनाका लागि पाइने श्रम, सीप, पूँजी र साधनहरु प्राप्त भएको श्रम, सीप, पूँजी र सामाग्री जस्तैः उपभोक्ताहरु, दातृसंस्था आदिको श्रेस्ता ठिक ठिक तरिकाले राख्ने,

१३.६प्राप्त भएको श्रम, सीप, पूँजी र सामाग्री कुन कामका लागि प्रयोग भयो र कति बा°कीछभत्रेहिसाबराख्ने,

१३.७योजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामाग्रीको जिम्मा लिने र यसको प्रयोगको उपभोक्ता समितिबाट फरफारक लिने,

१३.८आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने,

१३.९ समितिले तोकेको अन्य काम गर्ने,

१४. उपसचिवको काम, कर्तव्य र अधिकारः

१४.१ सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने,

१४.२ संस्थाको हित हुने कार्यमा काम गर्ने,

१४.३ समितिले तोकेको अन्य काम गर्ने,

१५. सदस्यहरुको काम, कर्तव्य र अधिकारः

१५.१योजना कार्यान्वयन स्थितिको निरिक्षण गर्ने,

१५.२योजनाको कार्यान्वयन र सुचारु रुपले सञ्चालन गर्न चाहिने श्रम, सीप, पूँजी र सामाग्रीको मात्रा निधो गर्ने,

१५.३आवश्यकता अनुसार र आफ्नो उपक्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने,

१५.४योजनाको स्थिति आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने,

१५.५ समितिले तोकेको अन्य काम गर्ने,

परिच्छेद ५

आर्थिक व्यवस्था

१६.आर्थिक श्रोतः

१६.१विभिन्न सम्झौता अन्तर्गत दातृसंस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान,

१६.२उपभोक्ताहरुबाट योजनाको सेवा सुविधा उपभोग गरेवापत प्राप्त रकम, सेवा शुल्क र अनुदान,

१६.३सरकारी, गैह्र सरकारी संस्था एवं स्थानीय दातृसंस्थाबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन,

१६.४जनसहभागिताबाट प्राप्त हुने श्रम, पू°जीरसामाग्रीहरु,

१६.५अन्य श्रोतवाट प्राप्त हुने उपहार एवं सहयोगहरु,

१७.चल अचल सम्पत्ति व्यवस्थाः समिति अविछित्र उत्तराधिकारवाला एक स्वशासित र संगठिक संस्था हुनेछ। यसले प्रचलित कानूनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच बिखन गर्न सक्नेछ। यसले आफ्नो नामबाट नालेस उजुर गर्न सक्ने र यस उपर पनि सोही नामबाट नालेस उजुर लाग्न सक्नेछ।

१८. कोष व्यवस्थाः

१८.१समितिको आफ्नै छुट्टै कोष हुनेछ। समितिको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ।

१८.२बैङ्क खाता सञ्चालन समितिको बैठकले तोकेका ३ जना समितिका पदाधिकारी(अध्यक्ष,कोषाध्यक्ष र सचिव)को संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

१८.३समितिले निर्धारण गरेको कार्यनीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरिवेक्षणमा कोषको उपयोग गरिने छ।

१८.४समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जाँचगर्नरआवश्यकनिर्देशनदिनसक्नेछ।

१८.५कोष परिचालन, लेखा प्रणाली, लेखा परीक्षण र कोष सम्बन्धी अन्य प्रक्रियाहरु यस विधान एवं समितिबाट निर्धारित नियम र प्रचलित कानून अनुसार हुनेछ ।

१९. श्रम, सीप, पूँजी र सामाग्री व्यवस्थापन प्रक्रियाः उपभोक्ता समितिले गर्ने कामका लागि चाहिने श्रम, सीप, पूँजी र सामाग्री उपभोक्ताहरु र नगरपालिका वा दातृसंस्थाबाट व्यवस्था गरिने छ। योजनाका लागि चाहिने श्रम गाउँ घरकै उपभोक्ताहरुलाई काम गराई व्यवस्था गरिने छ। उपभोक्ताहरुबाट व्यवस्था हुन नसक्ने श्रम, सीप, पूँजी र सामाग्री मात्र नगरपालिका वा दातृसंस्थाबाट व्यवस्था गरिने छ।

२०.योजना कार्यान्वयनका लागि चाहिने श्रम, सीप, पूँजी र सामाग्री व्यवस्थापनः योजना कार्यान्वयनका लागि चाहिने श्रम, सीप, सामाग्री र पूँजीचाहिनेमात्रारउपभोक्ताहरुकोसंख्याहेरीगरिनेछ।योव्यवस्थागर्दायोजनाबाटपाइनेसेवाउपभोक्ताहरुलेउपयोगगर्नेमात्रालाईप निख्यालगरिनेछ।

२१.योजना मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामाग्री व्यवस्थापनः योजना मर्मत संभारका लागि चाहिने सबै श्रम, सीप, पूँजी र सामाग्री उपभोक्ताबाट उठाइनेछ। वा सेवा शुल्क उठाई एउटा कोष खडा गरिनेछ। सहभागिता वा सेवा शुल्क कति गर्ने भत्र निर्णय उपभोक्ता समिति वा समितिको निर्णयले पारित गरे बमोजिम हुनेछ। श्रम, सीप, पूँजी र सामाग्री व्यवस्थापन सम्बन्धी श्रेस्ता राखिनेछ। जनश्रम गर्न नसक्ने उपभोक्ताहरुबाट श्रम बराबरको सेवा नगदमा उठाइनेछ।

२२. उपभोक्ता समितिको कर्मचारी भर्ना छनौट र विवादको अन्तिम निर्णय सम्बन्धि व्यबस्थाः

२२.१ उपभेक्ता संस्थाको दैनिक क्रियाकलापहरू संचालन गर्न र योजनाको नियमित संचालन तथा मर्मत संभारका लागि उपभोक्ता समितिले उपभोक्ता समितिको साधारण सभाबाट श्रोतको पहिचान गरि आबश्यकता अनुसार कर्मचारीको दरबन्दि सृजना र्गन सक्नेछ।

२२.२ उपभोक्ता समितिले कर्मचारी नियुक्तिका लागि सम्बन्धित वडाको रोहवरमा नगरपालिका जलश्रोत समितिले तोकेको प्रतिनिधी रहने गरी ३ सदस्यिय कर्मचारी भर्ना छनौट समिति गठन गर्नेछ।

२२.३ कर्मचारी भर्ना छनोटका बिषायमा कुनै विवाद उत्पन्न भएमा जलश्रोत नियमावलीको नियम (७) को उपनियम (२) बमोजिम हुनेछ।

२३. लेखा परीक्षण सम्बन्धी व्यवस्थाः

२३.१ योजनाको काम सम्पन्न हुनासाथ उपभोक्ताहरुको आम भेलावाट योजनाको सामाजिक लेखा परीक्षण गराइनेछ।

२३.२ उपभोक्ताहरुको आम भेलाले नियुक्ति गरेको लेखा परिक्षकबाट योजना फरफारक भएको आर्थिक वर्षको अन्तमा लेखा परीक्षण गराइने छ।

२३.३आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन वार्षीक आमभेला र सम्बन्धित निकाय समक्ष पेश गरिने छ।

परिच्छेद ६

विविध

२४.निर्वाचन सम्बन्धी व्यवस्थाःउपभेक्ता संस्था चयन गर्दा सर्वसम्मत नभएको खण्डमा निर्वाचन प्रक्रिया मार्फत उपभोक्ता संस्था गठन गरीनेछ।

२५.उम्मेदवारको अयोग्यताः देहायको कुनै व्यक्ति उपभोक्ता समितिको सदस्यको लागि निर्वाचित वा मनोनित हुन वा सो पदमा वाहाल रहन सक्ने छैन।

२५.११८ वर्ष उमेर नपुगेको,
२५.२मगज बिग्रेको भनी स्वीकृत चिकित्सकले निस्सा गरी दिएको,
२५.३नैतिक पतनको अभियोगमा अदालतबाट सजाय पाएको,
२५.४समितिको हित विपरित काम कारवाही गरेको प्रमाणित भएको,
२५.५ कुनै पनि योजनाको रकम हिनामिना वा दुरुपयोग गरेको भनी प्रमाणित भएको,
२५.६ नगरपालिकाको वहालवाला पदाधिकारी,
२५.७ निर्वाचित जनप्रतिनिधिहरु,
२५.८ नेपाल सरकारको सेवामा कार्यरत कर्मचारी,

२६.अविश्वासको प्रस्तावः समितिको एक चौथाई सदस्यहरुले कुनै सदस्य उपर समितिमा अविश्वासको प्रस्ताव पेश गर्न सकिने छ। यस्तो परिस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा त्यस्तो प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ।

२७. समितिका कर्मचारीहरुको योग्यताः

- १८ बर्ष पुगेर ४० बर्ष ननाघेको,
- नेपाली नागरीक हुनु पर्ने,
- आवश्यक न्युनतम शैक्षक योग्यता भएको,
- फौजदारी मुद्दाको अभियोगमा कसुरदार ठहर नभएको,
- मगज नबिग्रिएको,

२८. विधान संशोधन र सल्लाहकार समिति गठन गर्नसक्नेः विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा उपभोक्ता समितिको कार्य समितिले कार्य समितिको बैठकबाट पाश गरी साधारण सभामा पेश गर्नेछ । सो सभाको दुई तिहाई बहुमतले पारित गर्नेछ र उक्त संशेधित विधानलाई सम्बन्धित निकायबाट स्वीकृति लिई लागू गरिनेछ । यस्तो साभारण सभाको उपस्थिति उपभोक्ता घरधुरीको कम्तिमा ७५ प्रतिशत अनिवार्य हुनुपर्नेछ। भने ३ देखि ५ सदस्यिय सल्लाहकार समिति साधारण सभाले आबश्यक ठानेमा सोही सभाबाट गठन गर्न सक्नेछ।

२९.नियमहरु बनाउनेः समितिको विधानमा उल्लेखित उद्देश्य प्राप्ति गर्न समितिले नियमहरुको कार्यविधि बनाई लागू गर्न सक्ने छ।

३०.समितिको प्रगति प्रतिवेदन तथा अन्यःसमितिको प्रगति प्रतिवेदनहरु नगरपालिकामा कम्तिमा वर्षको एकपटक पेश गरिनेछ।

३१.समितिको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरुः

३१.१समितिको सिफारिशमा नगरपालिका वा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्तित्व भएको सल्लाहकार समिति गठन गर्न सकिनेछ।
३१.२सल्लाहकार समितिले समितिलाई विकास कार्य सञ्चालन र नीति निर्धारण गर्ने कुरामा सल्लाह दिनेछ।

३१.३समितिको उद्देश्यमा थपघट गर्नु परेमा समितिका सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई कार्यान्वयनमा ल्याइनेछ।

३२.नियमावलीमा उल्लेखित कुरा बाझेमा बदर हुनेः यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

३३.दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः उपभोक्ता समिति र समितिका सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड सजाय गरिने व्यवस्था गरिएको छ।

३३.१उपभोक्ता समिति वा समितिको बैठकमा विना जानकारी वा उचित कारण विना अनुपस्थित उपभोक्ताहरुलाई समितिले जरिवाना गर्न सक्नेछ।यदि यस्तो गल्ति पटक पटक दोहऱ्याएरमा निजलाई दण्ड सजाय समेत गर्न सक्नेछ।जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

३३.२उपभोक्ताहरुले उपभोक्ता समितिको बैठकले निधो गरे अनुसारको जनसहभागिता नजुटाएमा पनि दण्ड जरिवाना गर्न सक्नेछ।पटक पटक सहभागिता नजुटाएमा बढी जरिवाना गर्न सक्नेछ।यस्तो जरिवाना समितिले पारित गरे बमोजिम हुनेछ।

३३.३यदि योजनाको कसैले हानी नोक्सानी गरेमा समितिको बैठकबाट नोक्सान गरे बराबर वा बैठकको निधो अनुसार क्षतिपूर्ति भराईने छ।

३४.खर्च फरफारक गर्नेः योजनाको निर्माण कार्य सम्पन्न भएपछि योजनासँग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नु पर्नेछ।

३५.आमभेला/साधारण सभाः प्रत्येक वर्ष समितिको आर्थिक, प्रशासनिक, लेखा परीक्षण प्रतिवेदन र कार्य निति सहितको वार्षीक प्रगती र लक्ष्य राखी वार्षिक साधारण सभा(आमभेला) गरीने छ। उपभोक्ता समितिको कार्यावधि ३ वर्षको हुनेछ। अवधि समाप्त हुनु अगावै साधारण सभा (आमभेला) गरी यसै विधानको दफा ७ को उपदफा ५ वमोजिम उपभोक्ता समिति निर्वाचन वा सर्वसहमतिवाट चयन गरिनेछ।

३६.उपभोक्ता भेलाले उपभोक्ता समितिका पदाधिकारीहरुको काम कारवाही उपभोक्ताहरुको हित विपरित भएको पाएमा सो समिति खारेज गरी नयाँ पुनर्गठन गर्न सक्नेछ।

३७.उपभोक्ता समितिले नेपाल सरकार वा अन्य गैह्र सरकारी निकायसँग योजना सञ्चालन तथा कार्यान्वयन सम्बन्धमा सम्झौता गर्न सक्नेछ।

३८.उपभोक्ता भन्दा बाहिरका व्यक्तिहरु वा समुदायले योजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवा शुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता इच्छुक व्यक्ति वा समुदायलाई बैठक निर्णयले फाइदा उपभोग गर्न दिन सक्नेछ।

३९.योजनासँग सम्बन्धित काम कारवाहीमा नगरपालिका वा दातृसंस्था वा सामूहिक पूंजी, श्रम, सामाग्री आदि प्रयोग हुन्छ भने नगरपालिका का प्रतिनिधिलाई अनिवार्य रुपमा समितिको बैठकमा सहभागी गराइनेछ।

अनुसूची-३

(नियम ९ को उपनियम(१) संग सम्वन्धित)

गोदावरी नगरपालिका जलस्रोत समिति

अत्तरीया, कैलाली ।

आ.व. मितिः

दर्ता नम्वर

<u>उपभोक्ता संस्था दर्ता प्रमाण पत्र</u>

श्री...

....

....

....(सम्वन्धित उपभोक्ता संस्थाको नाम)...................................लाई गोदावरी नगरपालिकाको जलस्रोत नियमावली, २०८१ को दफा ९ को उपदफा(१) बमोजिम....................साल.............महिना.....................गते को जलस्रोत समितिको निर्णयानुसार गोदावरी नगरपालिकाको जलस्रोत नियमावली, २०८१ बमोजिम आफ्नो कार्य सञ्चालन गर्ने गराउने गरी

सहीः

नाम र थरः

पदः

मिति :

कार्यालयको छाप:

अनुसूची-४

(नियम १४ को उपनियम(१) संग सम्बन्धित)

जलस्रोत उपयोगको सर्भेक्षण अनुमति पत्रको लागि दरखास्त

मितिः.......................

श्री अध्यक्ष ज्यू,
गोदावरी नगरपालिका जलस्रोत समिति,
अत्तरीया, कैलाली

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन गोदावरी नगरपालिकाको जलस्रोत नियमावली,२०८१ को नियम १४ बमोजिम देहायको विवरण खुलाई दरखास्त पेश गरेको छु ।

(१) व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

(२) उद्धेश्यः

(३) सर्वेक्षण गर्ने क्षेत्रः

(४) सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.

(पुष्ट्याइ विवरण संलग्न गर्नुपर्ने छ)

(५) सर्वेक्षण गर्ने अवधिः

(६) अन्य विवरणहरुः गोदावरी नगरपालिकाको जलस्रोत नियमावली,२०८१ को नियम १४ बमोजिम

(७) माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

<u>**संगठित संस्था भए सो संस्थाको छापः**</u>

<u>**सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फवाट दरखास्त दिनेको**</u>

नाम,थरः

सहीः

पदः

ठेगानाः

अनुसूची-५

(नियम १६ संग सम्बन्धित)

गोदावरी नगरपालिका जलस्रोत समिति

अत्तरीया, कैलाली

<u>जलस्रोत उपयोगको सर्वेक्षण अनुमती पत्र</u>

अनुमति पत्र संख्याः

मितिः...................

श्री...

....

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोलि गोदावरी नगरपालिकाको जलस्रोत नियमावली, २०८१ को नियम १६ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

(१) व्यक्ति वा संगठित संस्थाको पूरा ठेगानाः

(२) जलस्रोत सर्वेक्षणको उद्धेश्य

(३) जलस्रोत सर्वेक्षणको क्षेत्र

(४) सर्वेक्षण गर्ने अवधि

(५) अनुमति पत्र बहाल रहने अवधि

<u>अनुमतिपत्र दिने अधिकारीको</u>

गोदावरी नगरपालिका

नामः

सहीः

पदः

अनुसूची-६

(नियम १८ संग सम्बन्धित)

जलस्रोत उपयोग अनुमतित्रको लागि दरखास्त

मितिः.........................

श्री अध्यक्ष ज्यू
गोदावरी नगरपालिका जलस्रोत समिति
अत्तरीया, कैलाली

जलस्रोत उपयोगको निमित्त अनुमति पाउन जलस्रोत नियमावली, २०८१ को नियम(१८) बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

(१) व्यक्ति वा सांगठनिक नाम र ठेगानाः

(२) उद्धेश्य

(३) उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने परियोजन

(४) प्रस्तावित जलस्रोतको मुहान रहेको (चार किल्ला)र उपयोग गर्ने ठाउँ

(५) जलस्रोतको उपयोगवाट लाभ पुग्ने ठाउँको क्षेत्रफल

(६) प्रस्तावित उपभोग वाट हुन सक्ने सम्भावित लाभ

(७) प्रस्तावित सेवा वाट लाभान्वित हुन सक्ने उपभोक्ता संख्या

(८) जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोत

(९) जलस्रोत उपयोग गर्ने तरिका

(१०) जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुन सक्ने उपयोग

(११) अन्य विवरण

माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

संगठित संस्था भए सो को छापः

संम्वन्धित व्यक्ति वा संगठित संस्थाको

तर्फवाट दरखास्त दिनेकोः

गोदावरी नगरपालिका

नाम,थरः

सहीः

पदः

ठेगाानाः

अनुसूची-७

(नियम २० संग सम्बन्धित)

गोदावरी नगरपालिका जलस्रोत समिति

अत्तरीया, कैलाली

जलस्रोत उपयोगको अनुमतिपत्र

मितिः.........................

श्री..

....

महाशय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली गोदावरी नगरपालिकाको जलस्रोत नियमावली,२०८१ को नियम (२०) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

(१) व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगानाः

(२) जलस्रोत उपयोगको उद्धेश्यः

(३) जलस्रोतको नाम,किसिम र रहेको स्थान(चारकिल्ला सहित)

(४) उपयोग गर्न पाउने जलस्रोतको परिणाम

(५) जलस्रोत उपयोगको क्षेत्रः

(६) जलस्रोत उपयोग गर्ने तरिकाः

(७) प्रस्तावित परियोजना वाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(८) अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः

अनुसूची-८

(नियम २४ को उपनियम (२) संग सम्बन्धित)

गोदावरी नगरपालिका जलस्रोत समिति

अत्तरीया, कैलाली

<u>जलस्रोत उपयोगको अनुमतिपत्र</u>

अनुमति पत्र सं. मितिः......................

श्री...

....

महाशय,

तपाईलाई ....मा दिनु भएको दरखास्त वमोजिम देहायको विवरणहरु खुलाई जलस्रोत नियमावली,२०८१ को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

(१) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको पूरा ठेगानाः

(२) जलस्रोत उपयोग संग सम्वन्धित परियोजनाको नाम र किसिमः
(प्रत्येक उपयोग संग सम्वन्धित)

(३) जलस्रोतको नाम र रहेको स्थान

(४) जलस्रोत उपयोग भएको स्थान

(५) जलस्रोत उपयोग भएको परिणाम
प्रदेश................जिल्ला........................वा नगरपालिका.......................................

(६) उपभोक्ता संख्या र त्यसको किसिम

(७) सेवा उपलब्ध गराउन शुरु गरेको मितिः

(८) अनुमतिपत्र बहाल रहने अवधि

(९) अन्य शर्तहरु

<u>अनुमतिपत्र दिने अधिकारीको</u>

नामः

सहीः

पदः

अनुसूची-९

(नियम १४ को उपनियम (२), नियम २६ र २७ को उपदफा (२) संग सम्बन्धित)

<u>अनुमतिपत्र दस्तुर</u>

<u>जलस्रोत उपयोगको किसिमः</u> **<u>दस्तुरः</u>**

(क) खानेपानी र घरेलु उपयोग नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

(ख) सिचाई नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

(ग) पशुपालन तथा मत्सयपालन जस्ता कृषि जन्य उपयोग नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

(घ) घरेलु उपयोग, औद्योगिक व्यवशाय तथा खानीजन्य उपयोग नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

(ङ) जल यातायात नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

(च) आमोद,प्रमोद जन्य उपयोग नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

(छ) अन्य उपयोग नगरपालिक आर्थिक ऐन अनुसार हुनेछ

गोदावरी नगरपालिका

अनुसूची-१०

(नियम २७(२) संग सम्बन्धित)

<u>जलस्रोत उपयोग वापत वुझाउनुपर्ने वार्षिक शुल्क</u>

१.सिचाईको हकमाः (कार्यपालिकाले निर्णय गरे अनुसार वा आर्थिक ऐन अनुसार हुनेछ)

(क) दुई हजार हेक्टर सम्मको जमिन सिचाई गर्न

(ख) दुईहजार देखि पाँचहजार हेक्टर सम्मको जमिन सिचाई गर्न

(ग) पाँचहजार देखि दशहजार हेक्टर सम्मको जमिन सिंचाई गर्न

(घ) दशहजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न

(ङ) पन्ध्र हजार देखि विस हजार सम्मको जमिन सिचाई गर्न

(च) विसहजार देखि पच्चिस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न

(छ) पच्चिस हजार हेक्टर भन्दा माथिको जमिन सिंचाई गर्न

२. खानेपानीको हकमाः(कार्यपालिकाले निर्णय गरे अनुसार वा आर्थिक ऐन अनुसार हुनेछ)

(क) दुई हजार सम्मको जनसंख्या लाई खानेपानी व्यवस्था गर्न

(ख) दुई हजार देखि पाँच हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न

(ग) पाँच हजार देखि दशहजार सम्मको जनसंख्या लाई खानेपानी व्यवस्था गर्न

(घ) दश हजार देखि पन्ध्र हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न

(ङ) पन्ध्र हजार देखि विस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न

(च) विस हजार देखि पच्चिस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न

(छ) पच्चिस हजार भन्दा माथिको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न

३. कृषि जन्य उपभोगका लागि रु............देखि .... सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु......... देखि .... सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५.औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.............. देखि .... सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद,प्रमोद जन्य प्रयोगका लागि रु......... देखि ..... सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

७. अन्य प्रयोगका लागि रु............ देखि .... सम्म वार्षिक कारोवारका आधारमा ।

अनुसूची-११

(नियम ४६ संग सम्बन्धित)

<u>जग्गा उपभोग वा प्राप्तीका लागि दरखास्त</u>

मितिः......................

श्री अध्यक्ष ज्यू,
जलस्रोत समिति, गोदावरी नगरपालिका
अत्तरीया, कैलाली

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नको लागि तपशिलमा उल्लेखित घर जग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमाअनुसार उपयोग गर्न पाउने गरि वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु ।

<u>तपशिलः</u>

१.आवश्यक जग्गाको चारकिल्ला खुल्ने विवरण
२.जग्गाको स्वामित्व खुल्ने प्रमाण कागजात तथा सम्वन्धित वडा कार्यालयको सिफारिस
३.जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात

संगठित संस्था भए सो संस्थाको छापः<u>सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फवाट दरखास्त दिनेको</u>

नाम,थरः

सहीः

पदः

ठेगानाः

अनुसूची-१२

(नियम ५७ संग सम्बन्धित)

<u>खानेपानीको गुणस्तर मापन</u>

अनिवार्य परिक्षण गर्नुपर्ने प्यारामिटरहरूः

क्र.सं.	**प्यारामिटरहरू**	**एकाई**	**सधिकतम सघनन् सिमा**	**कैफियत**
Physical Parameters				
१.	धमिलोपन	एन.टी.यु.	५	NHBGV
२.	हाइड्रोजन विभव		६.५-८.५	
३.	रङ्ग	टि.सि.यु.	५	
४.	स्वाद र गन्ध		अपत्तिजनक हुन नहुने	
५.	विद्युत्तीय संवाहकता	माइक्रोसिमेनस/से.मी.	१५००	
Chemical Parameters				
६.	फलाम	मि.ग्रा./लि.	०.०५-१.५०	
७.	मेन्गानिज	मि.ग्रा./लि.	०.२०	
८.	आर्सेनिक	मि.ग्रा./लि.	०.०५	
९.	फ्लेराइड	मि.ग्रा./लि.	०.०५-१.५०	
१०.	अमोनिया	मि.ग्रा./लि.	१.५०	
११.	क्लेराइड	मि.ग्रा./लि.	२५०	
१२.	सल्फेट	मि.ग्रा./लि.	२५०	
१३.	नाइट्रेट	मि.ग्रा./लि.	५०	
१४.	तामा	मि.ग्रा./लि.	१	
१५.	जस्ता	मि.ग्रा./लि.	३	
१६.	अलुमिनियम	मि.ग्रा./लि.	०.२०	
१७.	कुल कडापन	मि.ग्रा./लि.	५००	
१८.	क्लोरीन अवशेषण	मि.ग्रा./लि.	०.१० -०.५०	क्लोरीन प्रयेग हुने प्रणालीमा मात्र
Microbiological Parameters				

१९.	ई.कोली.	सि.एफ.यु./१०० मि.मि.	०	

जाखिम तथा थप सान्दर्भिकता अधारमा थप परिक्षण गरिनु पर्ने Parameters

क्र.सं.	प्यारामिटरहरू	एकाई	सधिकतम सघनन् सिमा	कैफियत
Physical Parameters				
१.	कुल घेलित ठेस पदार्थ	मि.ग्रा./लि.	१०००	
Chemical Parameters				
२.	क्याल्सियम		२००	
३.	सिसा		०.०१	
४.	प्यासडियम		०.००३	
५.	क्रेमियम		०.०५	
६.	सायनाइड		०.०७	
७.	पारो		०.००१	
८.	नाइट्राइटस		३	
Microbiological Paramenters				
९.	कुल केलिर्फम	सि.एफ.यु./१०० मि.मि.	० (९५ प्रतिशत नमुनाहरूमा)	

द्रष्टव्यः

१.कोष्ठभित्र राखिएका सघनन्का मानहरू विकल्प नरहेको अवस्था मात्र मान्य हुनेछन् ।

२. Health Based Guideline Value (HBGV) भएका प्यारामिटरहरू मानवस्वास्थ्यमा पर्न सम्ने प्रतिकुल असरसंग प्रत्यक्ष सम्बन्धित छन । Non-Health Based Guideline Value (NHBGV) भएका प्यारामिटरहरू प्रणालीको संचालन प्रक्रियाको प्रभावकारीता वा पानिको सामाजिक स्वीकार्यता वा पानिको सोन्दर्यसंग सम्बन्धित छन ।

३. यो गुणस्तर लागु भएको ५ बर्ष भित्र सबै सेवा प्रदायक (उपभोक्ता संस्था वा व्यक्ति) ले माथि खण्ड (क) मा व्यबस्था भए अनुसार Paramemters सबै प्रणालीमा अनिवार्य रूपमा एक पटक परिक्षण गरी अधार तथ्याङ्क तयार गर्नुपर्नेछ ।

४. माथि खण्ड (क) मा उल्लेख भएका बाहेक प्राकृतिक प्रक्रिया,आद्योगिक क्रियाकलाप, मानव वस्तीवाट उत्सर्जित हसन सक्ने हानिकारक धातु तथा ढलजन्य योगिक, कृर्षिजन्य क्रियाकलापका कारण पानीमा

उत्पन्न हुनसक्ने भैतिक, जैविक तथा रासायनिक प्रदुषण समेत मध्यनजर राखी जोखिम तथा सान्दर्भिकताको अधारमा माथि खण्ड (ख) मा उल्लेखित थप Parameters को आधारमा परिक्षण गर्नु पर्दछ ।

५. पानीजन्य महामारीको अवस्थामा ई—कोली लगाएत अन्य शंकास्पद शुक्ष्म जैविक प्रदुषकहरू समेत परिक्षण गर्नुपर्नेछ ।

६. विपद वा अपतकालीन अवस्थामा सेवा प्रदाकहरूबाट वितरीत खानेपानीके गुणस्तर माथि खण्ड (क) बमोजिम कायम गर्न नसकिने अवस्थामा सेवा प्रदायकले सेवा ग्राहीलाई घरेलु तथा वैकल्पिक उपाय अवलम्बन गरी पानी शुद्धिकरण गरेर मात्र प्रयेग गर्न पुर्व सुचना जारी गर्नुपर्नेछ ।

७.खानेपानी अनुगमनका क्रममा प्रणालीको अवस्था अनुसार महामारीको अवस्था र बढी प्रदुषण हुनसक्ने बर्षातको समयमा क्लोरिन अवशेण ०.५ मि.ग्रा/ली. भन्दा बढी र तत्कालै वैकल्पिक स्रोत नभएको अवस्थामा फ्लेराइड ०.५ मि.ग्रा/ली. भन्दा कम पाइएमा पनि ये गुणस्तर प्रतिकुल भएको मानिने छैन ।

आज्ञाले,

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/०९/०७